# केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं

## "दण्डहिनता विरुद्ध CIB को अभियान"

महाराजगंज, काठमाडौं।
मिति २०७६/१०/२६ गते।

**बिषय**:- प्रेस विज्ञप्ती

**"वैदेशिक रोजगार कसुर मुद्दाहरुमा कसुरदार पक्राऊ"**

सुमन ऐरी समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अजय तामाङ् भएको वैदेशिक रोजगार कसूरको तीन थान मुद्दाहरुमा वैदेशिक रोजगार न्यायाधिकरणको एउटै मिति २०७५/०८/२४ मा भएको फैसलाले जिल्ला भक्तपुर सुर्यविनायक न.पा. वडा नं. ७ घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा. २६ रानीवारी अजय तामाङ्लाई जम्मा ४ बर्ष ६ महिना कैद र रु. ४,५०,०००/- (चार लाख पचाँस हजार) जरिवाना हुने ठहर भएको र उल्लेखित सजाय वेरुजु रही फरार रहेका निजलाई यस कार्यालयको टोलिले मिति २०७६/१०/२४ गते कोटेश्वर काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनकोलागि भक्तपुर जिल्ला अदालत मार्फत कारागार कार्यालय डिल्लीबजार पठाईएको।

निज प्रतिवादी अजय तामाङ्लले आकर्षक वैदेशिक रोजगारको लागि जापान पठाई दिने भन्दै जाहेरवालाहरुबाट रकम प्राप्त गरी भने बमोजिम वैदेशिक रोजगारमा नपठाई रकम ठगी गरेका थिए।

**कसुरदारको विवरण:-**

**नाम:-** अजय तामाङ्

**उमेर:** ३७ बर्ष

**ठेगाना:-** जिल्ला भक्तपुर सुर्यविनायक न..पा. वडा नं. ७ घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा. २६ रानीवारी

**मुद्दा:-** वैदेशिक रोजगार कसूर

**जरिवाना:-**रु. ४,५०,०००|-

**पक्राऊ मिति:-** २०७६/१०/२४ गते।



प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११